# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) धनगढी, नेपाल, साउन १८ गते, २०८० साल (संख्या ५

## भाग ३

## प्रदेश सभा सचिवालय

### सुदूरपश्चिम प्रदेश

### प्रदेश सभा सदस्य पद रिक्त सम्बन्धी सूचना

बझाङ्ग जिल्ला निर्वाचन क्षेत्र नं. १(१), नेपाली कांग्रेस पार्टीको तर्फबाट प्रत्यक्ष निर्वाचित प्रदेश सभा सदस्य माननीय पृथ्वी बहादुर सिंहको मिति २०८०।०३।०५ गते सरकारी कामको शिलशिलामा डडेल्धुराबाट बझाङ्ग जिल्ला जाने क्रममा बझाङ्ग जिल्लाको केदारस्यूँ गाउँपालिका वडा नं. १ जुवालीखेत देउरा



नयाँबगर भन्ने ठाउँमा सवारी दुर्घटनामा परी मृत्यु भएकोले प्रदेश सभाको दोस्रो अधिवेशनको मिति २०८०।०३।२५ गते बसेको १५औं बैठकबाट प्रदेश सभा सदस्य माननीय पृथ्वी बहादुर सिंहको निधनप्रति शोक प्रस्ताव समेत पारित भएको हुँदा नेपालको संविधानको धारा १८० को खण्ड (च) बमोजिम प्रदेश सभा सदस्य माननीय पृथ्वी बहादुर सिंहको बझाङ्ग जिल्ला निर्वाचन क्षेत्र नं. १(१) को प्रदेश सभा सदस्य पद मिति २०८०/०३/०६ गते देखि रिक्त भएको हुँदा सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १८७ को उपनियम (३) बमोजिम सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
देव बहादुर बोगटी
प्रदेश सभा सचिव



मुद्रकःआन्तरिक मामिला तथा कानुन मन्त्रालय, धनगढी, कैलाली। मुल्यः रु. ५